यस व्यास नगरकार्यपालिकाको १७६ औं बैठक आज मिति २०८०।०८।०७ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.२ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं.३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं.४ | - श्री मनबहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.५ | - श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं.६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.७ | - श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं.८ | - श्री युवराज गुरुङ्ग | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं.९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं.११ | - श्री दलबहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१२ | - श्री बमबहादुर आले | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं.१३ | - श्री बसन्त आले | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं.१४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | अनुपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | अनुपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्ना दुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेत बहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सदस्य-सचिव | - श्री गंगालाल सुवेदी | उपस्थित |
| का.वा. अध्यक्ष वडा नं. ८ | - श्री रामप्रसाद मिश्र | उपस्थित |
| अधिकृत सातौं | - श्री रामचन्द्र हड्खले | उपस्थित |

प्रस्तावहरु
प्रस्ताव नं.१: मिति २०८०/०७/२२ को बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: फोहोरमैला व्यवस्थापनको स्थायी समाधान सम्बन्धमा ।
प्रस्ताव नं.३: टोल विकास समिति र वन समितिसँग सरसफाई एवं वन वातावरण सम्बन्धमा अन्तरकृया गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.४: प्लाष्टिक मुक्त अभियानलाई निरन्तरता दिने सम्बन्धमा ।
प्रस्ताव नं.५: ३९ औं नगर सभाबाट विनियोजित योजनाहरुको सम्झौता सम्बन्धमा ।
प्रस्ताव नं.६: शिक्षा ऐन, नियमावलीमा संशोधन प्रस्ताव सम्बन्धमा ।
प्रस्ताव नं.७: लैङ्गिक हिंसा बिरुद्धको १६ दिने अभियान सम्बन्धमा ।
प्रस्ताव नं.८: अन्तर्राष्ट्रिय अपाङ्गता दिवस मनाउने सम्बन्धमा ।
प्रस्ताव नं.९: नारेश्वर तालको जग्गा खरिद समेतको जानकारी सम्बन्धमा ।
प्रस्ताव नं.१०: आन्तरिक आय सम्बन्धमा ।
प्रस्ताव नं.११ : ठेक्का स्वीकृत सम्बन्धमा ।
प्रस्ताव नं.१२: लघु उद्यम विकास कार्यक्रम छनौट सम्बन्धमा ।
प्रस्ताव नं.१३: नाङ्गो विद्युत तार व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.१४: पशु प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ संशोधन सम्बन्धमा ।
प्रस्ताव नं.१५: सार्वजनिक सरोकारका निर्माणमा लागत सहभागिता सम्बन्धमा ।
प्रस्ताव नं.१६: आयोग अन्तर्गत जग्गा नापी सम्बन्धमा ।
प्रस्ताव नं.१७: हार्दिक समवेदना सम्बन्धमा ।
प्रस्ताव नं.१८: जग्गा वर्गीकरणको पुनरावलोकन सम्बन्धमा ।
प्रस्ताव नं.१९: मा.वि. तहमा लेखापाल दरबन्दी अनुमति सम्बन्धमा ।
प्रस्ताव नं.२०: कार्यविधि पारित एवं संशोधन सम्बन्धमा ।
प्रस्ताव नं.२१: सडक बोर्डको स्वीकृत बजेट सम्बन्धमा ।
प्रस्ताव नं.२२: विद्यालयलाई विनियोजित बजेट सम्बन्धमा ।
प्रस्ताव नं.२३: पुराना सामान लिलाम बिक्री सम्बन्धमा ।
प्रस्ताव नं.२४: सानिसा समितिमा सदस्य मनोनयन सम्बन्धमा ।
प्रस्ताव नं.२५: दशैं तिहार सार्वजनिक बिदामा पालो पहरा बस्नेलाई खाना/खाजा दिने सम्बन्धमा ।
प्रस्ताव नं.२६: आलुको उन्नत बीउ खरिदको लागि थप बजेट रकमान्तर सम्बन्धमा ।
प्रस्ताव नं.२७: अत्यावश्यक एवं विपद्जन्य कार्यमा बजेट विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं.२८: बैरेनी जग्गा एकीकरण आयोजना सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०८०/०७/२२ को निर्णयहरुको समीक्षा गरियो, बैठकका निर्णयहरु तत्कालै सार्वजनिक गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको विगत ३१ वर्षको यात्रामा फोहोरमैला सम्बन्धी स्थायी समाधान हुन नसकेको र फोहोरमैला विसर्जन कार्यमा स्थानीयको अवरोध एवं गुनासाहरु आइरहेकाले स्थायी समाधानका लागि जग्गा खरिद प्रकृया विगत १ वर्षदेखि बढाइएकोमा प्रस्तावित जग्गाहरु मध्ये स्थानीयसँग परामर्श गरी तत्काल निष्कर्ष निकाल्नु पर्ने देखिदाँ वडा नं.२ का अध्यक्ष श्री काशीराम श्रेष्ठको अध्यक्षतामा तपसिल बमोजिमको जग्गा खरिद प्रस्ताव समितिलाई यथाशिघ्र छिटो प्रस्ताव पेश गर्न निर्देशन दिने निर्णय गरियो । साथै उक्त समितिलाई निम्नानुसार पुनर्गठन गर्ने निर्णय गरियो ।

**समितिका पदाधिकारीः**

| | | | |
|---|---|---|---|
| (क) | संयोजक | श्री काशीराम श्रेष्ठ | – वडा अध्यक्ष, वडा नं.२ |
| (ख) | सदस्य | श्री अनुप राना | – वडा अध्यक्ष, वडा नं.३ |

(ग) सदस्य श्री मनबहादुर गुरुङ्ग – वडा अध्यक्ष, वडा नं.४
(घ) सदस्य श्री बिष्णुकुमार श्रेष्ठ – वडा अध्यक्ष, वडा नं.५
(ङ) सदस्य श्री बसन्त आले – वडा अध्यक्ष, वडा नं.१३
(च) सदस्य श्री रनसिं नेपाली – संयोजक वन तथा वातावरण समिति
(छ) सदस्य श्री यज्ञप्रसाद शर्मा – वडा सदस्य, वडा नं.१०
(ज) सदस्य डा. राजु पौडेल – योजना तथा शहरी पूर्वाधार विकास शाखा प्रमुख
(झ) सदस्य श्री अृमत के.सी. – भवन नियमन तथा घर नक्सा शाखा प्रमुख
(ञ) सदस्य श्री भाग्यशाली ढुङ्गाना – वन वातावरण तथा सरसफाई शाखा प्रमुख
(ज) सदस्य सचिव श्री कुमार कंचन जि.सी. – आन्तरिक लेखापरीक्षण शाखा प्रमुख

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाका स्थानीय टोल विकास समिति, सामुदायिक वन उपभोक्ता समिति र उद्योग वाणिज्य संघका प्रतिनिधिहरुसँग फोहोरमैला व्यवस्थापन, सडक बत्ती, विगत योजनाहरुको विवरण संकलन, नयाँ प्रदेश वन ऐन सम्बन्धी जानकारी र जलवायु परिवर्तन सम्बन्धी स्थानीय सरकार, स्थानीय उपभोक्ताहरुको दायित्व विषयमा छलफल गरी निष्कर्षमा जानुपर्ने देखिदा मिति २०८०/०८/१५ गते दमौलीमा ११:०० बजे संयुक्त वैठकको आयोजना गरी वातावरण एवं पर्यावरण सम्बन्धी अन्तरकिया कार्यक्रम गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा नेपाल सरकारको नीति, कार्यक्रम एवं व्यास नगरपालिकाको पटक-पटकका निर्णयहरुबाट यस नगरपालिकामा प्लाष्टिक झोलामुक्त अभियान सञ्चालन हुँदै आएकोमा कोभिड लगायतका प्रकोपहरुले त्यस अभियानलाई निरन्तरता दिन नसकिएकाले सम्पूर्ण नगरबासी, उद्योगी व्यवसायीहरुलाई प्लाष्टिक झोला प्रयोग नगर्न/नगराउनु हुन, बिक्री वितरण नगर्न अनुरोध गर्दै सम्बन्धित वडाको संयोजनमा टोल विकास संस्थाहरुबाट अनुगमन कार्यलाई प्रभावकारी बनाउने र सो कार्यमा विद्यालयहरुको समेत सहयोग लिने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा ३९ औं नगर सभाबाट निर्णय भएका योजनाहरुको सम्झौता हुन बाँकी रहेमा त्यस्तो योजनाहरुको सम्झौता प्रकृयालाई अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको विद्यमान शिक्षा ऐन, २०७५ र सोसँग सम्बन्धित नियमावली समेतमा संशोधन गर्नुपर्ने मागहरु सरोकारवालाबाट आएकाले आगामी नगर सभामा संशोधन प्रस्ताव पेश गर्न नगर शिक्षा समिति, विद्यालयका प्र.अ.हरु र सरोकारवालाहरुसँग राय लिई १५ दिनभित्र प्रस्ताव पेश गर्न विधायन समितिलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा मिति २०८०/०८/०९ गतेदेखि २४ गतेसम्म गरिने लैङ्गिक हिंसा बिरुद्धको १६ दिने अभियान सञ्चालन गर्न उप-प्रमुख श्री इन्दिरा दरैको संयोजकत्वमा सरोकारवालाहरुको सहभागितामा मुल समारोह समिति गठन गरी तयारी समितिले प्रस्ताव गरेको निम्न कार्यक्रमहरुलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्ने गराउने निर्णय गरियो ।

(क) मिति २०८०/०८/०९ गते १२:०० वजे र्‍याली सहितको उद्घाटन कार्यक्रम गर्ने ।
(ख) १४ वटा वडाहरुमा सरोकारवाला महिलाहरुलाई जम्मा गरी कानुनी एवं लैंङ्गिक हिंसा बिरुद्धको अभियान, सम्बन्धित वडाको कार्यपालिका महिला सदस्य र त्यस्ता सदस्य नभएको वडामा सम्बन्धित वडा समितिको निर्णयानुसार महिला सदस्यको संयोजकत्वमा कार्यक्रम गर्ने ।
(ग) आधारभूत विद्यालयका कक्षा ५ देखि ८ सम्मका विद्यार्थीहरु बीच लैंङ्गिक हिंसा बिरुद्धको चित्रकला प्रदर्शन र मा.वि. तह (९-१२) का विद्यार्थीहरु बीच सोही विषयमा निबन्ध प्रतियोगिता सञ्चालन गरी प्रथम, द्वितीय, तृतीय र सान्त्वना १/१ जनालाई मिति २०८०/०८/२४ गते १० डिसेम्बर मानव अधिकार दिवसका दिन नगरपालिकामा समापन कार्यक्रम गर्न व्यास नगर शिक्षा शाखालाई जिम्मा दिने ।

(घ) माध्यमिक विद्यालयमा अध्ययनरत कक्षा ११, १२ का ४० जना छात्रछात्रा (२० छात्रा, २० छात्र) लाई सहभागी गराई लैंङिक हिंसा सम्बन्धमा अभिमुखीकरण एवं अन्तरक्रिया समापनका दिन नगरपालिकामा आयोजना गर्ने ।

(ङ) यस वर्षको नारा "Unite! Invest to prevent violence against Womens& Girls" (लैंङ्गिक हिंसा अन्त्यको सुनिश्चितता महिला बालबालिकामा लगानीको ऐक्यबद्धता) लाई व्यापक प्रचार-प्रसार गरी यस पालिकाले समेत अधिकतम कार्यान्वयन गर्ने ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा मंसिर १७ गते (डिसेम्वर ३, २०२३) अन्तर्राष्ट्रिय अपाङ्गता दिवस मनाउन दमौली स्थित गण्डकी प्रदेश सामाजिक विकास कार्यालय तनहुँसँग सहकार्य गर्ने र यस वर्षको नारा "Transformative solutions for inclusive development– the role of innovation in fuelling an accessible and equitable world" (समावेशी विकासका लागि रुपान्तरणमुखी उपायहरु र पहुँचपूर्ण र समान विश्वका लागि नवप्रवर्तन) लाई सार्थक बनाउन सम्भव भएसम्मका उपायहरु गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा गण्डकी प्रदेश सरकारबाट नारेश्वर तालको बाँध निर्माणको प्रकृया अघि बढी ४ महिनाभित्र सम्पन्न हुने जानकारी प्राप्त भयो । साथै पानी जम्नु अघि ताल भित्रको माटो व्यवस्थापन, किनाराको पर्खाल निर्माण र तालको जग्गा र स्थानीयको जग्गा बीच यातायात सुगम गर्न बाटोको व्यवस्थापनका लागि थप जग्गा खरिद गर्नुपर्ने प्रस्ताव आएकाले सोको प्रस्ताव तयार गरी वडा नं.१० सँग समन्वय गरी आगामी बैठकमा प्रस्ताव पेश गर्न योजना तथा पूर्वाधार शाखालाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको २०८० कार्तिक मसान्त सम्मको आन्तरिक आय रू.४,७२,२७,६१३/५५ भएको जानकारी प्राप्त गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा तपशिलमा उल्लेखित विभिन्न निर्माण/खरिद कार्यको लागि विद्युतीय बोलपत्र तथा शिलबन्दी दरभाउपत्र आब्हान गरिएकोमा मूल्याङ्कन समितिको सिफारिसमा तपलिमा उल्लेखित बोलपत्र तथा दरभाउपत्र स्वीकृत गरी निर्माण तथा खरिद सम्झौता प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

तपशिल

| सि.नं | योजनाको नाम | फर्मको नाम | कबोल अंक ( मू.अ.कर बाहेक) | घटी/बढी प्रतिशत |
|---|---|---|---|---|
| १ | स्वास्थ्य संस्थाहरुबाट उपचारात्मक सेवा संचालन तथा निशुल्क औषधी वितरणको लागि आवश्यक औषधी तथा सर्जिकल सामग्रीहरु खरिद (ठेक्का नं.१/VYASMUN/HEALTH/०८०।०८१ | श्री चुनचुन फर्मेसी रामघाट कास्की । | रु.१७,५३,६२३।२० | ५५.५३ प्रतिशत घटी |
| २ | नगरपालिका कार्यालयको मुख्य भवन वरिपरी मर्मत योजना (ठेक्का नं.RE-०७/Works/vyasmun/२०८०।०८१) | श्री. विनिश्मा डिजाइन एण्ड कन्स्ट्रक्सन कम्पनी प्रा.लि. भरतपुर, चितवन । | रु.७,५७,२९२।५० | ११.८९ प्रतिशत घटी |
| ३ | कालिका मार्ग शहिद गेट निर्माण (ठेक्का नं.RE-०६/Works/vyasmun/२०८०।०८१) | श्री.विनिश्मा डिजाइन एण्ड कन्स्ट्रक्सन कम्पनी प्रा.लि. भरतपुर, चितवन । | रु.१०,९२,८०२।५५ | १२.८८ |

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) सञ्चालन गर्न यस आ.व.को लागि वडा नं.४ र ५ छनौट गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.१३:</u>** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको शहरी वडाहरुमा रहेका खुला नाङ्गो विद्युतका तारहरुले नगरको सौन्दर्यमा कमी आएको र जोखिम समेत बढेको हुँदा त्यस्ता तारहरुलाई भुमिगत (Underground) गर्न आवश्यक सहयोग गर्नका लागि नेपाल विद्युत प्राधिकरण, तनहुँ शाखा कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.१४:</u>** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका पशु प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ लाई संशोधन गर्ने निर्णय गरियो ।

| भएको | संशोधन गर्नुपर्ने |
|---|---|
| दफा ४ (२) - योग्यता पुरा नगरेको संस्थाले दफा ४ को उपदफा (१) मा उल्लेखित समयावधि भित्र अनुसूची-२ बमोजिमको आवेदन, अनुसूची-३ बमोजिमको कार्ययोजना प्रस्ताव र आवश्यक कागजात सहित आवेदन दर्ता गर्नु पर्नेछ । | दफा ४ (२) - योग्यता पुरा गरेको संस्थाले दफा ४ को उपदफा (१) मा उल्लेखित समयावधि भित्र अनुसूची-२ बमोजिमको आवेदन, अनुसूची-३ बमोजिमको कार्ययोजना प्रस्ताव र आवश्यक कागजात सहित आवेदन दर्ता गर्नु पर्नेछ । |
| दफा ५ (२) (२) - सामान्यतः स्वीकृत कार्यक्रममा ५० प्रतिशत नगरपालिका र ५० प्रतिशत आवेदकले व्यहोर्नु पर्नेछ । | दफा ५ (२) (२) - स्वीकृत कार्यक्रममा ६० प्रतिशत नगरपालिका र ४० प्रतिशत आवेदकले व्यहोर्नु पर्नेछ । |
| अनुसूची-७ (२) - विनियोजित बजेटको अधिनमा रही बढीमा ५० प्रतिशत । | अनुसूची ७ (२) - विनियोजित बजेटको अधिनमा रही बढीमा ६० प्रतिशत अनुदान । |

**<u>निर्णय नं.१५:</u>** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.५ देखि १४ सम्मका वडामा १०% लागत सहभागिता रही १ देखि ४ मा २०% लागत सहभागिताको प्रावधान रहेकोमा वडा नं.१ देखि ४ का वडाहरुमा निर्माण हुने सामुदायिक विद्यालय, मठ-मन्दिर, सार्वजनिक खेलकुद मैदान र अन्य सार्वजनिक प्रकृतिका निर्माण कार्यमा वडा समितिको सिफारिसमा उपभोक्ता समितिबाट निर्माण कार्य भएमा न्यूनतम १०% लागत सहभागिता लिने निर्णय गरियो ।

**<u>निर्णय नं.१६:</u>** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा वडा नं.१३ र १४ को जग्गा नापीको समीक्षा गर्दा अब आइन्दा वडा नं.१२ देखि अन्य वडाहरुमा पहिलो चरणको भूमिहिन दलित र भूमिहिन सुकुम्बासीहरुको जग्गा नापी प्रकृया अघि बढाउने र तत्पश्चात अव्यवस्थित बसोबासीहरुको जग्गा नांपजाप गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.१७:</u>** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा वडा नं.१४ को पूर्व कार्यालय सहायक श्री विन्दु ढकालको मिति २०८०/८/१ गते दुःखद निधन भएकाले हार्दिक श्रद्धान्जली अपर्ण गर्दै शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदन व्यक्त गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.१८:</u>** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा निम्न लिखित जग्गाको यस अवधिको वर्गीकरणलाई पुनरावलोकन गरी निम्नानुसार वर्गीकरण गर्ने निर्णय गरियो ।

(क) वडा नं.१० निवासी बाले कुमालको नाममा रहेको साविक फराकचौर नक्सा नं.७/क कि.नं.१२८ को जग्गा कृषिवाट गैह्र कृषि हुनुपर्ने ।

(ख) वडा नं.१२ शेरबहादुर क्षेत्रका नाउँमा रहेको साविक मैवल वडा नं.३/छ कि.नं.८० को १-७-२-३ को जग्गा कृषिबाट गैह्र कृषि कायम गर्ने ।

**<u>निर्णय नं.१९:</u>** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.५ पाटन स्थित पराशर मा.वि.मा संघीय बजेट अन्तर्गतको लेखापाल दरबन्दी कायम गरी योग्य व्यक्ति नियुक्तिका लागि विद्यालयलाई अनुमति दिने निर्णय गरियो ।

**<u>निर्णय नं.२०:</u>** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा निम्न लिखित कार्यविधिहरु पारित एवं संशोधन सहित पारित गर्ने निर्णय गरियो ।

(क) व्यास नगरपालिका शितभण्डार (Cold Store) संचालन तथा व्यवस्थापन कार्यविधि २०८० ।
(ख) व्यास नगर समता विद्यालय सञ्चालन एवं व्यवस्थापन कार्यविधि २०८० ।

**निर्णय नं.२१:** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा आ.ब.०८०/०८१ का लागि सडकबोर्ड नेपालबाट यस नगरपालिकामा रु.९५,००,०००। (पन्चान्नब्बे लाख) स्वीकृत भई आएको र २०८० माघ महिनाभित्र नगरपालिकाको लागत सहभागिता समपुरक कोष समेतको कार्यक्रम पेश गर्न कार्यक्रम सहितको पत्र प्राप्त भएकोमा गत वर्षको प्रस्तावित कार्यक्रम स्वीकृत भई नआएकाले उक्त कार्यक्रम सहित उक्त कार्यक्रमको संशोधन प्रस्ताव तयार गरी बैठकमा पेश गर्न शहरी विकास तथा पुर्वाधार शाखालाई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

**निर्णय नं.२२ :** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा वडा नं.४ को वडागत बजेट शिर्षक नं. मा मदर्शा प्रा.वि.लाई विनियोजित बजेटलाई आगामी नगर सभाबाट संशोधन अनुमोदन गर्ने गरी रू.३,२५,०००। शिक्षक व्यवस्थापनमा खर्च गर्न सम्बन्धित वडाबाट सिफारिस भई आएकाले नियमानुसार गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२३ :** प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका जिन्सी निरिक्षण समितिद्वारा प्राप्त प्रतिवेदन अनुसार नगरपालिकामा रहेका पुराना सामान लिलाम बिक्री गर्नका लागि निम्नानुसारको समिति निर्माण गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| संयोजक | प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य | प्रशासन शाखा प्रमुख |
| सदस्य | लेखा शाखा प्रमुख |
| सदस्य | पुर्वाधार शाखाका ईन्जिनियर |
| सदस्य-सचिव | जिन्सी उपशाखा प्रमुख |

**निर्णय नं.२४:** प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा सार्वजनिक नीजि साझेदारी ऐन, २०७७ अन्तर्गत सानिसा समितिमा निम्न लिखित सदस्य मनोनयन गर्ने निर्णय गरियो ।

(१) श्री विष्णुकुमार श्रेष्ठ (हिमाल) – व्यास ५, वडा अध्यक्ष
(२) श्री जीवन गुरुङ – व्यास ६, वडा अध्यक्ष
(३) श्री वैकुण्ठ मिश्र – व्यास २ (उद्योग वाणिज्य क्षेत्र)

**निर्णय नं.२५:** प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा हिन्दू धर्मावलम्बीहरुको महान् पर्वका रुपमा रहेको वडा दशै र शुभ-दिपावली २०८० को सार्वजनिक बिदाको समय कार्यालयको रेखदेख गर्न पालो पहरामा खटिने नगर प्रहरी, कार्यालय सहयोगी, सरसफाई लगायत अन्य भैपरी आउने कामका लागि कर्मचारीहरुलाई खटाईएको हुँदा सार्वजनिक बिदाको समय खाजा तथा खाना खर्च वापत दैनिक रू.५००। का दरले उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२६:** निर्णय नं.२६ का सम्बन्धमा छलफल हुँदा व्यास न.पा. भित्रका कृषकहरूलाई उन्नत बिउको माग टोल विकास संस्था मार्फत सङ्कलन गर्दा खर्च शीर्षक १०० मा विनियोजित बजेट सिमाभित्र रही सिलबन्दी दरभाउ पत्र आव्हान गरी खरिद गरिने परिमाणभन्दा लगभग दोब्बर भई खरिद गरिने परिमाणले माग सम्बोधन गर्न नसकिने हुँदा थप परिमाणमा आलुको बिउ खरिद गरी कृषकहरूको मागलाई सम्बोधन गर्न खर्च शीर्षक ११९, कृषि पशु प्रवर्द्धन सम्बन्धी विविध कार्यक्रम अनुदान (बिमा समेत) मा विनियोजित बजेट रू.१५,००,०००। बाट रू.४,०८,५८७/५० (५०% अनुदान रकम) आलुको उन्नत बिउ खरिदका लागि रकमान्तर गरी आलुको बिउ लगाउने समय तत्काल रहेकोले खरिदको सूचना माग गर्ने समय नभएको र उन्नत बिउ खरिदका लागि मिति २०८०/०७/१३ गते बोलपत्र मूल्याङ्कन गर्दा स्वीकृत विभागीय लागत अनुमान (मू.अ कर बाहेक) रू.१७,९९,७००। मा सबैभन्दा बढी १४.२९ प्रतिशत घटी दरभाउपत्र दर्ता गराउने श्री खाद्यान्न तथा बिउ आलु अलैंची तथा फलफूल नर्सरी उद्योग, कुशादेवी-३ काभ्रेपलाञ्चोकसँग नै खरिद गर्दा ढुवानी समेत व्यवस्थापन गर्न सकिने हुँदा उक्त फर्मसँग नै खरिद गर्ने गरी रकमान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं.२७:** प्रस्ताव नं.२७ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका विपद्जन्य एवं अत्यावश्यक प्रकृतिका कार्यक्रमहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो । उक्त कार्यक्रमहरु सञ्चालन गर्दा नियमानुसार सम्बन्धित शाखासँग सम्पर्क गरी सम्झौता गर्ने र कार्य सम्पन्न भएपश्चात् सम्बन्धित वडाबाट कार्यसम्पन्न भएको भनी भुक्तानीको लागि सिफारिस पत्र ल्याउनु पर्नेछ ।

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | निर्मला दरै, भुकम्पले चर्किएको घरको राहत | १ | २५,०००। | विपद |
| २. | राष्ट्रपति आगमनमा टेण्ट, कुर्ची, सुसोजित | २ | १९,०००। | ७२ |
| ३. | स्मारिका पन्थ, वन जडिबुटी अध्ययन सहयोग | २ | २०,०००। | ८३ |
| ४. | कृष्ण द्वैपायन जेष्ठ नागरिक सत्सङ्ग व्यवस्थापन | ३ | १,००,०००। | ९३ |
| ५. | राष्ट्रपतिको आगमनमा गेट निर्माण प्रिण्ट (श्रेष्ठ प्रिण्ट) | ३ | ७१,९८१। | ७२ |
| ६. | एक बहादुर श्रीमलभैंसीको अचानक मृत्यु राहत | ४ | २०,०००। | विपद |
| ७. | ऋषिराम गैह्रे, खानेपानी पाइप खरिद | ५ | ४७,०००। | ८३१ |
| ८. | पाटनटोल, सडक बत्ती व्यवस्थापन | ५ | १,००,०००। | ८२४ |
| ९. | कृष्ण मलको घरबाट नहर वारपार गरी आउन जान स्ल्याव निर्माण | ५ | ६५,०००। | ८७७ |
| १०. | इन्दु माध्यमिक विद्यालय नयाँ भवन वायरिङ्ग/गेट निर्माण | ६ | १,०५,०००। | ८५८ |
| ११. | ग्यालेक्सी युवा क्लव, फुटवल प्रतियोगिता व्यवस्थापन | ६ | ७५,०००। | १३१ |
| १२. | कलेस्ती टोल विकास संस्था सि.सि.क्यामरा मर्मत | ७ | २५,०००। | ८२४ |
| १३. | सोम बहादुर परियार, खानेपानी पाइप खरिद | ८ | २०,०००। | ८३१ |
| १४. | रिस्ती कृषि फर्म, केशवकुमारी शाही सोलार जडान | ८ | २,००,०००। | ८८२ |
| १५. | क्यामिनकोट कालिका पुजा व्यवस्थापन | ८ | ४०,०००। | ७२ |
| १६. | माहेन्द्री मा.वि., खेलमैदान निर्माण सुधार | ९ | १,००,०००। | ८५८ |
| १७. | पार्वती न्यौपाने, लैनोभैंसी अचानक मरी राहत | १० | २०,०००। | विपद |
| १८. | प्रज्वल कृषि फार्म, सिँचाई पाइप खरिद | १० | २५,०००। | ८२३ |
| १९. | देउराली खानेपानी पाइप खरिद, टंङ्गी घेराबार | १० | २,५०,०००। | ८३१ |
| २०. | खमाम बहादुर कुँवर, सिँचाई पाइप खरिद समेत | १० | २०,०००। | ८२३ |
| २१. | गणेश टोल विकास, बैरेनी सडक बत्ती व्यवस्थापन | १० | ३,००,०००। | ८२४ |
| २२. | रुपटार खानेपानी टंकी निर्माण पाईप खरिद | १० | ३,००,०००। | ८३१ |
| २३. | विष्णुमाया नेपाली, खानेपानी पाइप | ११ | १४,०००। | ८३१ |
| २४. | नगर प्रहरी सुरेश कंडेल, क्यान्सर पीडित उपचार सहयोग | ११ | ४०,०००। | ६३ |
| २५. | अमरज्योती मा.वि. पुरानो भवन जिर्ण भत्काउने | १२ | १,००,०००। | विपद |
| २६. | कुम बहादुर राना, आगलागी राहत | १३ | २५,०००। | विपद |
| २७. | छाब्दी आरुबोटे बक्स कल्भर्ट निर्माण थप | १३ | १,७०,०००। | ८७७ |
| २८. | बुद्ध बहादुर वि.क.को घर भुकम्पबाट चकिएको मर्मत | १३ | २०,०००। | विपद |
| २९. | सुविलाल आले, सिँचाई पाइप खरिद | १३ | ३५,०००। | ८२३ |
| ३०. | केशवटार सामुदायिक होमस्टे विपद परी भत्किएको पर्खाल मर्मत | १४ | २,५०,०००। | विपद |
| ३१. | विश्वहिन्दु महासंघ, महायज्ञ व्यवस्थापन | | ५०,०००। | १३० |
| ३२. | ओम सेवा समाज, धर्म अधिकारी अपाङ्गता स्वास्थ्य शिविर सहयोग | | २०,०००। | ९० |
| ३३. | विश्वबन्धु भण्डारी, पुस्तक प्रकाशन सहयोग | | २०,०००। | १३० |
| ३४. | अखिल नेपाल ट्रेड युनियन महासंघ | | २०,०००। | ७२ |
| ३५. | मनोज सेढाईं अध्ययन सहयोग | | २५,०००। | ८३ |

| | | | | |
|---|---|---|---|---|
| ३६. | व्यास नगरपालिका प्राविधिक कर्मचारी खेलकुद व्यवस्थापन | | ३०,०००। | १३१ |
| ३७. | बेलटारी शहरी स्वास्थ्य केन्द्र गेट निर्माण | | १,३०,०००। | ८२१ |
| ३८. | अपाङ्गता दिवस सहयोग कार्यक्रम | | २५,०००। | १०२ |
| ३९. | नेपाल सांस्कृतिक महासंघ कार्यक्रम व्यवस्थापन (मेघनाथ रिमाल) | | २०,०००। | ७२ |
| | | जम्मा : | २९,४१,९८१। | |

निर्णय नं.२८: प्रस्ताव नं.२८ का सम्बन्धमा छलफल हुँदा बैरेनी जग्गा एकीकरण आयोजनाको निर्माण कार्यलाई नगर विकास कोषको ऋण सहयोगमा अगाडि बढिरहेकोमा प्रथम चरणका सुरुवाती जग्गा सम्याउने तथा अत्यावश्यक स्थानमा टेवा पर्खाल लगाउने रु.६२,५५,८५९।८६ को कार्य सम्पन्न भई दोस्रो चरणको पूर्वाधार निर्माण कार्यको लागि नगर विकास कोषसँग रु.१३,००,७२,०००। को ऋण सम्झौता भएकोमा प्रथम चरणमा खर्च भएको रकम कटाई बाँकी रु.१२,३८,१६,१४०। सिलिङ्ग भित्र रही आयोजना कार्यान्वयन इकाइद्वारा तयार गरिएको अन्तिम विस्तृत आयोजना प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।